दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक ३१६ | बुटवल | २०८२ मंसिर १० गते, बुधबार | नेपाल संवत ११४६ | Wednesday November 26, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## एनपीएल: लुम्बिनी लायन्स पराजित



बुटवल । लुम्बिनी लायन्सका ब्याटरले धैर्य गुमाउँदा काठमाडौं गोर्खाजले चौथो खेलमा जित दर्ता गरेको छ। १५८ रनको प्रतिस्पर्धात्मक लक्ष्य पछ्याएको लुम्बिनी १३५ रनमा समेटियो।

सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपीएल) अन्तर्गत मंगलबार भएको खेलमा काठमाडौंले लुम्बिनीलाई २२ रनले पराजित गरेको हो। यो लुम्बिनीको लगातार दोस्रो हार हो। काठमाडौंले भने लगातार दुई हारपछि जित हासिल गरेको छ। पहिलो खेलमा साविक विजेता जनकपुर बोल्ट्सलाई पराजित गरेको काठमाडौं त्यसपछिका दुई खेलमा विराटनगर किंग्स र सुदूरपश्चिम रोयल्ससँग पराजित भएको थियो। तर, चौथो खेलमा लुम्बिनीलाई पराजित गर्दै काठमाडौंले 'प्लेअफ'को सम्भावना कायमै राखेको हो। लिग चरणमा सबै टोलीले समान सात खेल खेल्दा अंक तालिकामा पछि पर्ने चार टोली बाहिरिनेछन्। दुईदेखि चौथो चरणका खेल जारी रहँदा पाँच वटा टोली समान दुई खेलमा पराजित भएका छन्।

पोखरा र जनकपुर दुवै खेलमा जितविहीन हुँदा काठमाडौंले चार खेलमा दुईमा जित र दुईमा हार व्यहोरेको छ। लुम्बिनी र कर्णालीले समान तीन खेलमा एक जित र दुई हार व्यहोरेका छन्। चितवन एक जित र एक हार नतिजा निकाल्दा सुदूरपश्चिम र विराटनगर तेस्रो खेलसम्म अपराजित छन्।

## एमाले अध्यक्षमा ईश्वरको उम्मेदवारी घोषणा



बुटवल। नेकपा एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले पार्टीको ११ औं महाधिवेशनमा अध्यक्ष पदमा उम्मेदवारी दिने घोषणा गरेका छन्। मंगलबार एक विज्ञप्ति जारी गर्दै पोखरेलले यही मंसिर २७ देखि २९ सम्म हुने महाधिवेशनमा अध्यक्षमा उम्मेदवारी दिने घोषणा गरेका हुन्।

यसअघि पोखरेलसहितका नेताले औपचारिक कार्यक्रममार्फत् उम्मेदवारी घोषणा गर्ने तयारी गरेका थिए। तयारी नपुगेको भन्दै विज्ञप्तिमार्फत् अध्यक्षमा उम्मेदवारी घोषणा गरेको उनी निकट एक नेताले जानकारी दिए। पोखरेलले यसअघि सचिवालय बैठकमा अध्यक्षमा उठ्ने बताएका थिए। अध्यक्ष केपी शर्मा ओलीले पनि तेस्रो कार्यकालका लागि अध्यक्षमा उम्मेदवारी दिने बताइसकेका छन्।

'पार्टी निर्माणसम्बन्धी विचारको आधारमा ११औं राष्ट्रिय महाधिवेशनमा पार्टी अध्यक्ष पदको उम्मेदवारको रूपमा प्रस्तुत हुने निष्कर्षमा पुगेको छु। पार्टी पुनर्गठन र रूपान्तरणका लागि देशभरिका साथीहरूले गर्नुभएको आग्रह र सुझावलाई स्वीकार गरेर अध्यक्ष पदमा उम्मेदवारी घोषणा गरेको हुँ।'-उनले भने।

उनले आफू पार्टीका सदस्यहरूको योग्यता, क्षमता र रुचिअनुसार जिम्मेवारी प्रदान गर्दै सामूहिक नेतृत्व र पहलमार्फत् नेकपा एमालेलाई निर्णायक राष्ट्रिय शक्तिका रूपमा विकास गर्न प्रतिबद्ध रहेको उल्लेख गरेका छन्। त्यति मात्र होइन पोखरेलले अध्यक्ष ओलीले नेतृत्व हस्तान्तरणमा सकारात्मक भूमिका निर्वाह गर्ने अपेक्षा पनि लिएका छन्।

एनले भनेका छन्–'पार्टीको आन्तरिक लोकतन्त्रसम्बन्धी आफैंले अघि सारेका मान्यतालाई सम्मान गर्दै पार्टी अध्यक्ष कमरेड केपी शर्मा ओलीले नेतृत्व हस्तान्तरणमा सकारात्मक भूमिका निर्वाह गर्नुहुनेछ भन्ने अपेक्षा लिएको छु। अभिभावकीय भूमिकामार्फत् सहज निकासका लागि पार्टी अध्यक्ष कमरेडलाई अनुरोध गर्दछु।'

पोखरेलले प्रतिनिधि छनोटमा उच्च विवेकको प्रयोग, स्वस्थ, मर्यादित र निर्भयताका साथ सक्रिय सहभागी हुन पार्टी सदस्यहरूलाई आह्वान गरेका छन्। उनले आन्तरिक लोकतन्त्र समृद्ध भएको पार्टीले मात्र लोकतान्त्रिक समाजको निर्माण र नेतृत्व गर्न सक्ने बताएका छन्। 'महाधिवेशनसमक्ष प्रस्तुत गर्ने राजनीतिक तथा सांगठनिक दृष्टिकोणको विस्तारित दस्ताबेज निकट भविष्यमा सार्वजनिक गर्नेछु। सबैको साथ र सुझावको अपेक्षा गर्दछु।'-उनले भनेका छन्।

पोखरेलले आफू स्कुले जीवनदेखि न्याय, समानता र स्वतन्त्रताप्रति समर्पित भएर यहाँसम्म आइपुगेको उल्लेख गरेका छन्। मधेशको तातो घामदेखि हिमालको चिसो सिरेटोसम्मका भूगोलमा पार्टी निर्माणमा क्रियाशील हुँदै मूल्यवान अनुभव र शिक्षा हासिल गरेको पोखरेलको भनाइ छ।

'सामाजिक रुपान्तरण, व्यवस्था परिवर्तन र पार्टी निर्माणका क्रममा लामो र कठोर भूमिगत जीवन बिताएको छु। जेलनेल भोगेको छु, यातना सहेको छु। संसदीय र राजकीय जिम्मेवारी सम्हालेको अनुभव छ। नेपालको लोकतान्त्रिक आन्दोलन र नेकपा (एमाले) को निर्माण मेरा लागि जीवनमा कहिल्यै नभुल्ने पाठशाला र विश्वविद्यालयका रूपमा रहेका छन्', पोखरेलले भनेका छन्-'लाखौं जनसमुदाय र हजारौं पार्टी सदस्यहरूको न्यानो माया र स्नेही व्यवहारप्रति म सदैव ऋणी तथा कृतज्ञ छु। राष्ट्र, जनता र पार्टीलाई सदैव शीरमा राखेको छु। जीवनका उचारचढावहरूमा इमान र निष्ठालाई कहिल्यै डगमगाउन दिएको छैन। विधि, समन्वय, सामूहिकता र सहकार्यमा म विश्वास राख्छु।'

# चुनाव हुँदैन भन्ने भ्रममा नपरौं: गृहमन्त्री






**लुम्बिनी संवाददाता**
*भैरहवा*

गृहमन्त्री ओमप्रकाश अर्यालले चुनाव तोकिएकै समयमा हुने बताएका छन्। उनले सरकारले तोकिएको समयमै चुनाव गर्नका लागि सबै तयारी गरेकोले चुनावको वातावरण बनाउन सबैको सहयोग आवश्यक रहेको बताए।

भैरहवामा आयोजित लुम्बिनी प्रदेशस्तरीय सुरक्षा गोष्ठीमा बोल्दै उनले भने-'विभिन्न बहाना देखाएर चुनाव हुँदैन। यो सरकारले गर्न सक्दैन भन्ने भ्रम छरिँदै छ, सरकारले काम र भूमिकाबाट त्यसको जवाफ दिन्छ।'

उनले यो सरकार कसैको निगाहमा नबनेको प्रष्ट पारे। 'जेनजी मुभमेन्टको जगमा बनेको सरकार हो। इच्छा र अपेक्षाभन्दा पनि देशको विशिष्ट अवस्थामा शून्यतालाई पूरा गर्न परिस्थितिले विशेष जिम्मेवारी दिएकोले आएको हो र प्राप्त जिम्मेवारीलाई अर्जुनदृष्टिमा राखी हासिल गर्नेमा सरकार दृढ छ।'-उनले भने।

उनले सुशासनको जग बलियो बनाउने, बिगार्न नसक्ने वातावरण तयार गरी निर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गर्न आतुर रहेको बताए। भयरहित, निष्पक्ष र शान्तिपूर्ण चुनावको तयारीका लागि सरकारले सातै प्रदेशमा गोष्ठी गरेको उनले बताए। उनले प्रदेशको सुरक्षा चुनौती संश्लेषण गर्ने, आवश्यक रणनीति तय गर्ने र निर्वाचनको लागि आवश्यक तयारी गर्ने बताए। लुम्बिनी गौतमबुद्धको जन्मस्थल भएकोले शान्ति र अहिंसाको सन्देश दिनुपर्छ भनेर यहीबाट गोष्ठीको सूरुवात गरेको उनले जनाए।

'शान्ति सुव्यवस्था कायम एवं निर्वाचनको वातावरण कायम गर्न प्रदेश सरकारको महत्वपूर्ण भूमिका रहन्छ। सरकारले निर्वाचन पूर्व, निर्वाचन अवधि र पश्चातका कार्यहरुमा समेत सक्रियता रहने गरी संयन्त्र बनाएको छ।'-उनले भने।

गृहमन्त्री अर्यालले केन्द्रीय सुरक्षा समितिबाट स्वीकृत भएको निर्वाचन सुरक्षा योजना बमोजिम प्रदेश सरकाले पनि सुदृढ प्रादेशिक योजना तयार गरी कार्यान्वयनमा ल्याउनेमा विश्वस्त रहेको बताए। राजनैतिक दलले लुटिएको हतियार र फरार कैदीलाई सुरक्षा चुनौतीको रुपमा राखे पनि हामीले धेरै परिणाममा विशेष अप्रशेनमार्फत् हतियार फिर्ता र फरार कैदी फिर्ता गरेको उनले बताए। गोष्ठीले थप समीक्षा गरी प्रभावकारी योजना र रणनीति बनाउने उनले जनाए।

उनले लुम्बिनी राजस्व चुहावटको दृष्टिले जोखिम क्षेत्र रहेको सुशासनको जगमा बनेको सरकारले चुहावट नियन्त्रणमा शून्य शहनशीलताको नीति अवलम्बन गरेको जानकारी दिए। राजस्व चुहावट नियन्त्रणमा सरकारी संयन्त्रको संलग्नताको कमी कमजोरीहरु बाँकी छन् भने अन्त्य हुनुपर्ने उनको भनाइ छ। राजस्व चुहावटमा कुनै पनि कमी कमजोरी नरहने र विशेष निगरानी हुने र गर्दै आएको उनले बताए। गैरकानुनी क्रियाकलापलाई कानुनको दायरामा ल्याउन र जुनसुकै आवरणमा हुने गलत कामलाई रोक्न निर्देशन दिँदै माथिल्लो तहबाट हस्तक्षेप नहुने अर्यालले प्रष्ट पारे।

लुम्बिनी प्रदेशमा आगजनी, तोडफोड र लुटपाटमा संलग्न ७८ जनालाई नियन्त्रणमा लिई कानुनको दायरामा ल्याएको उनले बताए। 'दण्डहीनता स्वीकार्य हुँदैन। पहिलो कुरा सुरक्षा हो, त्यसपछि समृद्धिलगायतको कुरा हुन्छ।'-उनले भने।

**चोरी तस्करी बढ्यो : मुख्यमन्त्री**

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले लुम्बिनी प्रदेश भित्र तस्करी मौलाएकोले नियन्त्रणको पहलकदमी लिनुपर्ने बताए। 'चोरी नियन्त्रण हुन नसक्दा राजस्वमा गम्भीर असर परेको भन्दै त्यसलाई नियन्त्रण गर्नुपर्छ।'-उनले भने।

मुख्यमन्त्री आचार्यले लुम्बिनी प्रदेशमा रहेका भन्सार कार्यालयहरुबाट दिनदहाडै अवैध रुपमा सामान भित्रिने गरेको, प्रदेशभित्र तस्करी मौलाउँदा व्यापक रुपमा राजस्व चुहावट भइरहेको बताए।

नेपाल-भारत सीमा क्षेत्रका भन्सारहरूमा राजस्व चुहावट भइरहेको र नियन्त्रण हुन नसकेको विषयमा सुरक्षा अधिकारीहरूको ध्यानाकर्षण गराए। 'सीमामा सुरक्षाकर्मी र भन्सार कर्मचारी छन्। तै पनि चोरी निकासी रोकिन सकेको छैन। यसले राजस्वमा गम्भीर असर पुऱ्याएकाले त्यसलाई नियन्त्रण गर्नुपर्छ।'-उनले भने।

ट्राफिक प्रहरीले चेकजाँचको नाममा सास्ती दिने गरेको भन्दै ट्राफिक चेकजाँचलाई व्यवस्थित गरी पर्यटकहरूलाई अनावश्यक झन्झट दिन नहुने उनले बताए। उनले सुरक्षाकर्मी र राष्ट्रसेवक कर्मचारीको मनोबल बढाउनुपर्नेमा जोड दिए। उनले सुशासन कायम गर्न प्रदेश सरकार रणनीतिक योजना बनाएर अघि बढेको जनाए। बैठकमा गृहमन्त्री अर्याल, मुख्यमन्त्री आचार्य, प्रदेशका मुख्यसचिव, गृह सचिव, नेपाल र सशस्त्र प्रहरीका संगठन प्रमुख, राष्ट्रिय अनुसन्धान प्रमुख, प्रदेशका १२ वटै जिल्ला सुरक्षा समिति पदाधिकारीको सहभागिता रहेको थियो।

## काफलडाँडाको गौशाला चलाउनै मुस्किल



**प्रकाश डोटेल**
*स्याङ्जा*

स्याङ्जाको वालिङ नगरपालिका-८ काफलडाँडास्थित गौशाला चलाउनै मुस्किल हुँदै गएको छ। दिनानुदिन गाई बढ्दै जाँदा नियमित आम्दानीको श्रोत अभाव र दानदाताको संख्यामा कमी आएसँगै २०७६ सालबाट सञ्चालित गौशाला चलाउनै मुस्किल बन्दै गएको हो।

वालिङ नगरपालिकाले छाडा चौपाया नियन्त्रण गर्न २०७६ सालबाट सञ्चालन गरेको गौशालामा हाल झण्डै १७५ गाई छन्। ५० वटा बाछ्छाबाछ्छी झण्डै ४० वटा बुढा भएका गाईगोरु छन् भने गौशालामा ५० वटा थारो र ब्याउनेसँगै २० वटा गाई दुहुनो गाई छन्। सडक छाडा चौपाया मुक्त त भएका छन् तर गौशाला चलाउनै मुस्किल बन्दै गएको छ।

छाडा छोडिएका चौपाया नियन्त्रणमा वालिङसँगै जिल्लाका अन्य पालिकाहरुले ध्यान दिए पनि गौशाला चलाउन आवश्यक सहयोग नगरेको श्रीधुनी शिवालय फूलबारी गुठी गौशाला आश्रमका अध्यक्ष कमल सुवेदीले सुनाए। गौशाला सञ्चालनार्थ मासिक झण्डै एक लाख ५० हजार नगद चाहिन्छ, स्थायी श्रोतको अभावमा गौशाला चलाउन मुस्किल बन्दै गएको अध्यक्ष सुवेदीले बताए।

२०८० सालमा गरेको महायज्ञबाट संकलित ८० लाखबाट बनेको अक्षयकोषको सहारामा गौशाला धानिएको छ। गौशाला हेरचाह गर्ने जनशक्तिलाई मासिक ६० हजार रुपैयाँ खर्च हुँदै आएको छ भने गाईलाई दैनिक चाहिने घाँस, दाना, पानी, परालको व्यवस्थापनमा मासिक करिब एक लाख खर्च हुँदै आएको छ।

गौशालामा उत्पादित दूध, मल बिक्री, बैंकबाट प्राप्त हुने ब्याज र दाताले दिएको थोरै दाना, परालबाट बल्लतल्ल गौशाला चल्दै आएको छ।

» बाँकी ३ पेजमा

पाल्हीनन्दन गाउँपालिकाको अनुरोध
डेंगीबाट बच्ने उपायहरु:
- बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्दछ।
- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं।
- पानी राखेका भाडालाई छोपेर राखौं।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाइबाट बच्ने मलम लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने, गरी झ्याल ढोकामा जाली बेलामा झुल लगाएर सुतौं ।
- अँध्यारा कुना काप्चामा किटनाशक औषधि छर्कने गरौं,
- कम्तीमा हप्ताको एक पटक एयर कुलर, पानी ट्यांकी,
फूलदानी, गमला राखिएका प्लेटहरु राम्ररी सफा गरौं।
अनुरोधक :
पाल्हीनन्दन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवलपरासी(ब.सु.प.), लुम्बिनी प्रदेश, नेपाल

## सम्पादकीय

# प्रधानमन्त्री कार्यालयको ढोका किन बन्द ?

प्रधानमन्त्री सुशीला कार्कीलाई भेट्न गएका जेनजी समूहहरुलाई सुरक्षाकर्मीले मंगलबार सिंहदरबार मुल गेटबाटै लखेटे । सोमबार प्रधानमन्त्री कार्यालयमा भेट्न बोलाएर दिनभर कुराएर प्रधानमन्त्री फ्याट्ट अर्कै ढोकाबाट बाहिर निस्किन् । जेनजी आन्दोलनको बलमा प्रधानमन्त्रीको कुर्सीमा पुगेकी कार्कीले अहिले जे व्यवहार गरेकी छन्, त्यो राम्रो होइन् । यस्तो व्यवहार प्रधानमन्त्रीको तहबाट गर्न मिल्ने हुँदै होइन्, यस्तो व्यवहारले मुलुकमा मुठभेड निम्तिन सक्छ ।

प्रधानमन्त्रीमा पूर्व प्रधानन्यायाधीश कार्कीको नियुक्तिको आधार सुशासनमा अब्बल भन्ने छविले हो । उनको नियुक्तिलाई यो संविधानले चिन्दैन । संविधानले नचिन्ने विधिबाट नियुक्त भएकी उनी जुन विषयमा अब्बल छन् भन्ने भाष्य खडा भएको छ, त्यही विषयमा प्रश्न उठेको छ । प्रधानमन्त्रीका स्वकीय सचिव दर्शन श्रेष्ठले प्रधानमन्त्रीको स्वकीय सचिवालयमा श्रीमतीलाई नियुक्त गरेको विषयमाथि प्रश्न उठ्नु स्वभाविकै हो । यो प्रश्नबाट प्रधानमन्त्री उम्किन पाउँदिनन् । स्वकीय सचिवमा आर्दश धेरै अब्बल हुन सक्छन्, तर जति उनको गुनगान गाए पनि श्रीमतीको नियुक्तिको विषय सुशासनमा प्रश्न उठ्ने विषय हो । अहिले जेन जी समूह प्रधानमन्त्रीलाई यो नियुक्ति गलत भयो, खारेज हुनुपर्छ भन्न गएका हुन् । त्यसैगरी, उनीहरुले विभिन्न माग अघि सारेका छन् । ती माग पूरा गर्न सकिन्छ भने पूरा गर्ने तिर लाग्नुपर्‍यो । सकिंदैन भने सकिंदैन् भनेर प्रष्ट कुरा भन्नु पर्‍यो । प्रधानमन्त्री कार्यालयमा कुराएर भेट नदिने र गेटबाटै प्रहरी लगाएर लखेट्ने विषय गलत छ । सत्ता र शक्तिमा पुगेपछि कतिपय विषयवस्तुलाई सामान्य ठान्ने प्रवृत्ति मुलुकका लागि घातक छ । कार्कीले पहिले विभिन्न ठाउँमा बोल्दा गम्भीर ठानेका विषय अहिले प्रधानमन्त्रीमा पुग्दा किन सामान्य भए ? यो प्रश्नको उत्तर उनले दिनुपर्छ ।

यो सरकारको काम चुनाव गराउने हो । तोकिएको समयमा चुनाव हुनुपर्छ । त्यसका लागि सरकारले वातावरण बनाउनुपर्छ । सरकारले चुनावको वातावरण सार्थक वार्ता र संवादबाट गर्न सक्छ । राजनैतिक दल र जेनजी समूहहरुसँग हुने वार्ता र संवादले नै हो चुनावको वातावरण बनाउने । सिंहदरबारको मुल ढोका बन्द गरेर संवादहिन ढंगले अघि बढ्दा चुनावको वातावरण बन्दैन । के फागुन २१ को मितिमा चुनाव गर्ने होइन् र ?

### सूचनाको हक :

# विश्वव्यापी अभ्यास र नेपालको पहल



कृष्णहरि बास्कोटा

राज्यको उत्पत्तीका बारेमा हब्स, लक, रुसो जस्ता विद्वानले 'सामाजिक अनुबन्ध' को सिद्धान्त सार्वजनिक गरेका छन् । जसअनुसार आम नागरिकले शासकलाई कर तिर्ने र शासकले जनताको जीउ-धनको सुरक्षा गर्नुका साथै जनताको पक्षमा काम गर्ने गरी सम्झौता भएको हो । यस कुरालाई पुष्टि गर्न ग्रीकको प्राचिन राज्य प्रणालीमा पुग्न सकिन्छ । जहाँ सबै नागरिकहरु भेला भएर राज्य प्रणाली सञ्चालन गर्दथे । आधुनिक युगमा जनसंख्या बढ्दै गएपछि राज्यको भूमि पनि विस्तार हुँदै गयो । मानिसका सोचाइमा पनि परिवर्तन आएपछि यस प्रकारको सामूहिक शासन प्रणाली सम्भव भएन । यस्को स्थानमा प्रतिनिधिमूलक शासन प्रणाली आरम्भ भयो । जसलाई अमेरिकी राष्ट्रपति अब्राहम लिंकनले जनताद्वारा जनताको लागि जनताको शासन नै प्रजातन्त्र हो भनेर व्याख्या गरे ।

लोकतन्त्रका महत्वपूर्ण विशेषतामध्ये एउटा नागरिकको सशक्तिकरण पनि हो । यसलाई सन् १९६६ मा स्वीडेनमा पुष्टी गरियो । जहाँ सूचनाको हकसम्बन्धी पहिलो कानून निर्माण भयो । सन् १९५१ मा फिनल्याण्डमा दोस्रो सूचनाको हकसम्बन्धी कानून जारी भयो भने सन् १९६६ मा संयुक्त राज्य अमेरिकामा तेस्रो सूचनाको हकसम्बन्धी कानून जारी भयो । चौथो कानून डेनमार्क र नर्वेले सन् १९७० मा जारी गरे भने सेण्टर फर ल एण्ड डेमोक्रेसी नाम संस्थाका अनुसार सन् २०१८ को लगभग अन्तिम समयसम्ममा विश्वका १२१ ओटा मुलुकले यो कानून जारी गरेका छन् । सूचना नै शक्ति भएकाले प्रत्येक लोकतान्त्रिक मुलुकले नागरिकलाई राज्यका गतिविधि जान्ने हक स्वरुप सूचनाको हकसम्बन्धी कानून जारी गर्ने परम्पराले निरन्तरता पाइरहेको छ ।

सूचनाको हकले भ्रष्टाचार नियन्त्रण गर्ने विश्वव्यापी मान्यता छ । यथार्थमा अँध्यारोमा गलत हर्कत हुने हो । पारदर्शिताले सुशासन उजागर गर्ने कुरा सत्यको नजिक छ । अर्कोकुरा, सूचनाको हकमार्फत् शासन प्रणालीमा जनसहभागिता अभिवृद्धि गर्न सकिन्छ । आम जनता राष्ट्रिय सरोकारको क्रियाकलापमा सहभागी भएपछि राज्यको काममा अपनत्व बढाउन मद्दत पुग्छ । यस्ले दिगो विकासको अबधारणालाई टेवा पुग्छ । राज्य प्रणालीका काम कारबाही खुल्लारुपमा बहसमा आएपछि निर्णयमा गल्ती हुने सम्भावना पनि कम भएर जान्छ । सार्वजनिक निर्माणलगायतमा जनताको निग्रानीले गुणस्तरीय निर्माणमा जोड दिन्छ । यिनै परिवेशमा विश्वव्यापीरुपमा सूचनाको हकले विस्तारित रुप लिएको महशुस हुन्छ ।

सन् १९४६ मा संयुक्त राष्ट्र संघको प्रतिज्ञापत्रमा सूचनाको हकलाई विशेष महत्व दिइएको थियो । तत् पश्चात सन् १९४८ मा घोषणा भएको विश्वव्यापी मानव अधिकार घोषणापत्रमा प्रत्येक नागरिकलाई सूचना माग्ने, पाउने र प्रवाह गर्ने हकको प्रत्याभूति प्रदान गरियो । यसैगरी सन् १९६६ को नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्धमा पनि सूचनाको हकलाई उच्च महत्व दिईयो । सिड, बाल अधिकारसम्बन्धी महासन्धीलगायतका अन्तर्राष्ट्रिय दस्ताबेजहरुमा सूचनाको हकलाई उच्च महत्व दिईएको फलस्वरुप सन् १९९० पछि यसले विश्वव्यापीस्तरमा अभियानको रुप लियो । कैयौं मुलुकले सूचनाको हकसम्बन्धी ऐनसँगै सूचनादाताको संरक्षणसम्बन्धी ऐन र व्यक्तिगत गोपनीयतासम्बन्धी ऐन पनि जारी गर्ने अभियान आरम्भ गरेका छन् ।

सूचनाको हकसम्बन्धी विश्वव्यापी अभ्यास र मान्यतालाई नियाल्दा यसलाई प्रत्येक व्यक्तिको आधारभूत मानव अधिकारको रुपमा अवलम्बन गरेको पाइन्छ । तर, सूचनाको हक निरपेक्ष अधिकार भने होइन । नेपालको संविधानको धारा २७ मा सूचनाको हकको व्यवस्था छ भने धारा २८ मा व्यक्तिगत गोपनीयताको हक छ । यी दुवै लोकतान्त्रका आधारभूत मान्यता छन् । विश्वव्यापी अभ्यासलाई नियाल्दा सूचनाको हक राज्यका सबै अंगमा समान रुपमा लागू हुन्छ । जस अनुसार आम नागरिकले संघीय, प्रादेशिक र स्थानीय सरकारसँग सूचना माग गर्न सक्तछन् । यसैगरी राजनैतिक दल, गैह्र सरकारी निकाय र निजी क्षेत्रसँग पनि सूचना माग्ने र पाउने नागरिकको अधिकार स्थापित हुन्छ ।

सार्वजनिक निकायले नागरिकले माग गरेको सूचना मात्रै दिने नभई स्वयंले तोकिएको अवधिको अन्तरालमा स्वतः प्रकाशन गर्नुपर्छ । यसबाट नागरिकको सुसूचित हुने हकको प्रचलन भैरहेको ठानिन्छ । यसैगरी विश्वव्यापी मान्यता अनुसार सूचना माग्ने कार्यविधि सरल हुनुपर्छ । एकद्वार पद्धतिबाट सूचना पाउनु पर्छ । नेपालको सन्दर्भमा सूचना अधिकारी नै एकद्वार प्रणालीका नायक हुन् । विश्वव्यापी अभ्यास अनुसार सूचना मागकर्ता नागरिकलाई सूचना दिने निकायले सघाउनु पर्छ । यदी कुनै सूचना संरक्षणको दायराभित्र छ भने पनि नागरिकले सोको तर्कसंगत र वस्तुनिष्ठ चित्त बुझ्दो जवाफ पाउनु पर्ने हुन्छ । मुलकुरो, व्यक्तिसँग सम्बन्धित र सार्वजनिक सरोकारका कुनै पनि सूचनाबाट नागरिकलाई बञ्चित गर्न मिल्दैन । यसको सुनिश्चितताका लागि नागरिकले पुनरावेदन गर्न पाउने स्वतन्त्र निकायको व्यवस्था हुनुपर्छ । नेपालमा यसै प्रयोजनका लागि राष्ट्रिय सूचना आयोग गठन भएको हो ।

सूचनाको हकको विश्वव्यापी मान्यताले हामी सबैलाई अधिकतम् खुलासाको सिद्धान्त अवलम्बन गर्न मार्ग निर्देश गर्दछ । यथार्थमै राज्य प्रणालीले राष्ट्र र जनताको हितमा संरक्षण गर्नुपर्ने सूचनाहरु निकै कम हुने गर्दछन् ।

नेपालको सूचनाको हकसम्बन्धी ऐनको दफा ३ मा केबल ५ प्रकारका सूचना मात्रै प्रवाहमा बाध्य नहुने व्यवस्था छ । यत्ती छोटो सुची भएको मुलुक दक्षिण एशिया नेपाल नै हो । अर्कोकुरा, राज्य प्रणालीबाट स्वतः प्रकाशन हुने सूचनाहरु पूर्ण र विस्तृत हुनुपर्ने पनि विश्वव्यापी मान्यता छ । नेपालको सूचनाको हकसम्बन्धी ऐनको दफा ५ मा २० प्रकारका सूचना ३-३ महिनामा स्वतः प्रकाशन गर्नुपर्ने कानूनी प्रबन्ध गरिएको छ । वर्तमान विश्वमा उदार र खुल्ला अर्थतन्त्र मात्रै अवलम्बन गरिएको छैन प्रशासनयन्त्रको काम-कारबाहीमा 'प्रोसेड्यूरल ट्रान्सपरेन्सी' समेतको अवधारणा लागू गरिएको छ । अनलाईन सेवा र मोबाइल एप्स लगायतको प्रयोगबाट सबै काम कारबाही खुल्ला र पारदर्शी हुँदै गएको छ । यस्कै आधारमा सरकारको विश्वसनीयता अभिवृद्धि हुन गई वाह्य लगानी बढेको छ र मुलुकहरु आर्थिक समृद्धि तर्फ उन्मुख भएका छन् ।

नागरिकलाई सूचनाको मौलिक हक मात्रै दिएर पुग्दैन, यस क्षेत्रमा स्वतन्त्र सुनुवाई गर्ने निकाय पनि गठन हुनु पर्ने विश्वव्यापी मान्यता छ । यसैगरी सूचना माग गर्दाका प्रक्रिया सरल र शुल्क प्रायः न्यूनतम् हुनुपर्ने पनि विश्वव्यापी अभ्यास छ । यस अतिरिक्त जुनसुकै मुलुकमा जारी हुने सूचनाको हकसम्बन्धी कानूनले अन्य कानूनलाई 'ओभरराईड' गर्न सक्नु पर्दछ । साथै सूचना नदिने मात्रै होईन, गलत सूचना दिने, आशिंक सूचना दिने, सूचना नष्ट गर्ने पदाधिकारीहरु पनि दण्डित हुनुपर्ने संसारको रिती छ । सन् २००० मा बेलायतमा, सन् २००२ मा स्कटल्याण्डमा र सन् २००५ मा अजरबैजानमा जारी भएका कानूनले केही हदसम्म विश्वव्यापी मान्यतालाई आत्मसात् गर्न खोजेको पाईन्छ । क्यानाडामा मुख्यालय रहेको सेण्टर फर ल एण्ड डेमोक्रेसी नामक संस्थाले सूचनाको हकसम्बन्धी कानूनको उत्कृष्टता मापन गर्न ६१ ओटा सूचकांक अघि सारेको छ । यस सूचकांकसँग मेल खाएर निर्माण गरिने कानून नै विश्वव्यापी अभ्यासमा उत्कृष्ट ठहरिने तत् संस्थाको दाबी छ । नेपालको कानूनले यस संस्थाले गरेको मूल्याङ्कनमा १५० पूर्णाङ्कमा ११३ अंक प्राप्त गरी विश्व बरियातामा २२औं स्थान ओगट्न सफलता हासिल गरेको छ । यस्का लागि भैरहेका कानूनी प्रावधान र अभ्यासको वकालत गरी विश्वव्यापी बरियाताक्रम उकास्न राष्ट्रिय सूचना आयोगले अनुकरणीय भूमिका निर्वाह गर्न सफलता हासिल गरेको छ ।

दक्षिण एशियाको अभ्यासलाई नियाल्दा सन् २००२ मा पाकिस्तानका केपी र पञ्जाब गरी २ ओटा प्रदेशमा सूचनाको हकसम्बन्धी कानून लागू भएको देखिन्छ । यस्मा सार्कबाट पारित एजेण्डाको प्रत्यक्ष प्रभाव रहेको महशुस हुन्छ । भारतमा अन्ना हजारे, केजरीवाल जस्ता सामाजिक अभियान्ताको दबाबमा सन् २००५ मा यो कानून जारी भएको हो । नेपालमा जन आन्दोलन-२ को सफलता पछि सन् २००७ मा सूचनाको हकसम्बन्धी कानून जारी भयो । विश्वव्यापी अभ्यासलाई अनुशरण गर्दै सन् २०१४ मा अफगानिस्तान र माल्दिभ्समा यो कानून जारी भयो । श्रीलंकामा निर्वाचनको एजेण्डा स्वरुप २०१६ मा यो कानून संसदबाट पारित भै सन् २०१७ देखि लागू भयो । हालसम्म भुटानमा यससम्बन्धी कानून जारी हुन सकेको छैन । विश्वव्यापी अभ्यासमा यो क्षेत्र मजबूत देखिन्छ । विशेषगरी भारतमा वर्षेनी ४०-५० लाख जनताले सूचना माग्ने र पाउने गरेका छन् । यस क्षेत्रमा सूचनाको अधिकारमार्फत् सर्वसाधरण जनताले लोकतन्त्रको अनुभूति गरेको महशुस हुन्छ ।

सूचनाको हकको विश्वव्यापी अभ्यासमा नेपालको प्रयोगका केही फैसला रोलमोडल रहेका छन् । हाल नेपालमा करिब ३४ हजार सरकारी/सामुदायिक स्कूल रहेका छन् । यिनमा करिब ८०-९० लाख विद्यार्थी अध्ययनरत छन् । राष्ट्रिय सूचना आयोगको आदेश र सर्वोच्च अदालतको विशेष फैसलाद्वारा यी सबै विद्यार्थीले आफ्नो परीक्षाको उत्तरपुस्तिका हेर्न पाएका छन् । यस्तो अभ्यास केही सीमित मुलुकमा मात्रै रहेको पाइन्छ । अर्को कुरा, नेपालमा राष्ट्रिय सूचना आयोगको आदेशपछि लोकसेवा आयोग, शिक्षक सेवा आयोग जस्ता प्रतिस्प्रधात्मक परीक्षा सञ्चालन गर्ने निकायहरुले प्रतियोगीलाई अंक दिन थालेका छन् । यस्तो अभ्यास पनि नेपालको नौलो हो । राष्ट्रिय सूचना आयोगले वर्षेनी संघ सरकारका मन्त्रालयहरुमा सूचनाको हकको कार्यान्वयनको स्थिति पत्ता लगाउन आरटिआइ अडिट गर्ने गरेको छ । यो अभ्यास पनि सूचनाको हकको विश्वव्यापी अभ्यासमा नौलो मानिएको छ । यस अतिरिक्त राष्ट्रिय सूचना आयोगले ईमेलबाट पनि सूचना माग्न र पाउन सकिने 'एमआइएस' प्रणाली र ३-३ महिने स्वतः प्रकाशन विद्युतीय माध्यमद्वारा प्रकाशन हुने 'पिडिएमएस' नामक सफ्टवेयस प्रणाली प्रयोगमा ल्याएको छ । यी प्रणाली पनि विश्वका केही मुलुकका लागि अनुकरणीय छन् ।

नेपालको सूचनाको हकसम्बन्धी कानूनले सरकारी निकाय, गैर सरकारी निकाय, दातृ समुदाय र निजी क्षेत्रलाई समेत समेटेको छ । यसर्थ राष्ट्रिय सूचना आयोगले मुलुकभित्र क्रियाशील दातृ निकायकाबिच पनि सूचनाको हकको अन्तर्क्रिया गरेको छ भने नेपाल र बंगलादेशको आयोगबीच सहयोगको आदान-प्रदान गर्न समझदारी पत्रमा हस्ताक्षर भएको छ । यो बिषय पनि विश्वस्तरमा नौलो ठहरिएको छ । आयोगले सरकारलाई सहजता प्रदान गर्न राज्यद्वारा महिलालाई प्रदान गरिएका सुविधाहरु संकलित 'पुस्तिका' सार्वजनिक गरेको छ भने मुलुकभित्र बोलिने विभिन्न ७ भाषामा आफ्ना सामाग्री प्रकाशन गरी सरकारी निकायलाई यसको अनुशरण गर्न उत्प्रेरित गरेको छ । आयोगको पहलमा सूचनाको हक विषय स्कूलको पाठ्यक्रममा समावेश गरिएको छ भने सबै सरकारी तालिम केन्द्रको प्रशिक्षणमा पनि यो विषय समावेश भएको छ । यी कुरा नेपालले सूचनाको हकको विश्वव्यापी अभियानमा थपेको इट्टाको रुपमा लिइएको छ ।

अन्त्यमा, विश्वव्यापी सूचनाको हकको अभ्यासलाई नियाल्दा यो अभियान निरन्तर रुपमा अघि बढिरहेको देखिन्छ । सबै मुलुकले आ-आफ्नो संविधानमा यसलाई मौलिक हकको रुपमा समावेश गर्दैछन् । यस विषयको संरक्षण, सम्बर्द्धन र प्रचलन गराउन छुट्टै आयोग गठन गर्ने र सो आयोगलाई संवैधानिक स्तरमा राख्ने होडबाजी विश्वस्तरमा चलेको छ । सूचनाको हकका साथै व्यक्तिगत गोपनीयता सम्बन्धी ऐन र सूचनादाताको संरक्षणसम्बन्धी ऐन जारी हुने क्रम पनि अघि बढेको छ । प्रायः सबै मुलुकले सूचनाको हकसम्बन्धी कानूनमा 'ओभरराईड' को प्रावधान राखी यस ऐनसँग बाझिएका कानून स्वतः खारेज हुने व्यवस्था गरिरहेका छन् । संघीयतामा गएका प्रायः सबै मुलुकले प्रादेशिक सूचना आयोग पनि गठन गरिरहेका छन् । यसरी सूचना माग्ने, पाउने र प्रवाह गर्ने सन्दर्भमा विश्वस्तरमा लोकतान्त्रिक मुलुकबीच को उम्दा मुलुक ठहरिने भनी सकरात्मक प्रतिस्प्रधा भैरहेको सुखद स्थिति छ । यस सन्दर्भमा नेपाल पनि सहि गोरेटोमा विचरण गरिरहेको अनुभूति हुन्छ । यसर्थ प्रस्तुत सन्दर्भमा आम नागरिकले आफ्नो मौलिक हकको पूर्ण उपयोग गर्न र सार्वजनिक निकायहरुले आम नागरिकको सूचनाको हक, जसलाई लोकतन्त्रको प्राणवायू मानिन्छ, यस्को पूर्ण सम्मान गर्न आह्वान गर्दछु ।

# सामान्य अङ्कले बढ्यो नेप्से



काठमाडौं । नेप्से परिसूचक मंगलबार सामान्य अङ्क बढेर बन्द भएको छ । निरन्तर दुई दिन बढेको नेप्से मंगलबार पनि ५.३२ अङ्क बढेर २ हजार ६५५.९९ विन्दुमा पुगेको छ ।

त्यस्तै, सेन्सेटिभ इण्डेक्स १.३९ अङ्कले बढेको छ भने फ्लोट इण्डेक्स ०.४० अङ्क र सेन्सेटिभ फ्लोट इण्डेक्स ०.४१ अङ्कले बढेको छ ।

कारोबारमा आएका ३१९ कम्पनीको १ करोड १९ लाख ७६ हजार कित्ता सेयर अर्ब ८२ करोड ३० लाख २८ हजार रुपैयाँ बराबरको खरिदबिक्री भएको छ ।

सोमबारको तुलनामा कारोबार रकम भने घटेको छ । अघिल्लो कारोबार दिन ७ अर्ब रुपैयाँभन्दा बढीको सेयर खरिदबिक्री भएको थियो ।

तीन कम्पनीको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भएको छ । जसमा झापा इनर्जी, सागर डिष्टिलरी र श्रीनगर एग्रीटेक इन्डष्ट्रीजको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भएको हो । तर जोशी हाइड्रोपावरको सेयर मूल्य ४.९६ प्रतिशत घटेको छ ।

१३ उपसमूहमध्ये ९ उपसमूहको परिसूचक बढेको छ । जसमा ४ उपसमूहको परिसूचक घटेको छ । होटल तथा पर्यटन उपसमूहको परिसूचक १.४० प्रतिशत बढेको छ । त्यस्तै, उत्पादन तथा प्रशोधन उपसमूहको परिसूचक १ प्रतिशतभन्दा बढी बढेको छ ।

कारोबार रकमका आधारमा बन्दीपुर केबलकार एण्ड टुरिजम कम्पनीको २६ करोड ९९ लाख रुपैयाँ बराबरको शेयर कारोबार भएको छ ।

# चियालाई फेरि तताएर खानु हुन्छ कि हुँदैन ?



चिया नपिउँदासम्म धेरैजसो मानिसहरूको दिन नै सुरु हुँदैन ।

अफिसको बिदा समय होस् वा घरमा पाहुनाहरूको आगमन होस् वा दिनभरिको थकान मार्न साँझको एक क्षणको आराम नै किन नहोस्, एक कप चियाले सबैलाई ताजा महसुस बनाउँछ ।

कुनै-कुनै घरमा चियाको लत यस्तो हुन्छ कि एकै पटकमा धेरै चिया बनाएर राख्ने अनि बेला-बेला तताएर त्यसलाई खाने गरिन्छ । कहिलेकाहीँ उब्रिएको चिया फ्याक्न माया लागेर पनि हामी त्यसलाई तताएर खाइदिन्छौँ । तर बहाना जेसुकै होस्, चियालाई यसरी बारम्बार तताएर खानुहुन्न । के तपाईंलाई यो कुरा थाहा छ ?

तपाईं पनि चिया बारम्बार तताएर खानेमा पर्नुहुन्छ भने आजैदेखि यो बानी छाड्नुहोस् । चियालाई फेरि तताएर खाँदा यसको स्वाद त बिग्रन्छ नै, यसको सेवनबाट पाइने लाभ पनि नष्ट हुन्छ र उल्टै हानि गर्छ । हामी चियालाई बारम्बार तताएर खाँदाको बेफाइदाबारे चर्चा गर्छौं ।

स्वादः चियाको वास्तविक स्वाद यसको ताजापनमै निहित हुन्छ । तर, जब चिया चिसो हुन्छ अनि यसलाई फेरि तताइन्छ, यसमा रहेका ट्यानिन र अन्य तत्त्वहरू अक्सिडाइज हुन्छन् र चियालाई तीतो बनाउँछ । कहिलेकाहीँ, यो स्वाद यति खराब भइदिन्छ कि यसलाई पिउन नै गाह्रो हुन सक्छ ।

एन्टिअक्सिडेन्टहरू नष्ट हुन्छन्ः ताजा चियामा एन्टिअक्सिडेन्टहरू हुन्छन् जसले शरीरलाई हानिकारक तत्त्वहरूबाट बचाउन सक्छ । यद्यपि, चिया पुनः तताउँदा एन्टिअक्सिडेन्टहरू घट्दै जान सक्छन् र यसमा रहेको पोषक तत्त्वहरू नष्ट हुन सक्छन् । त्यसैले एक पटक पकाइसकेको चियालाई फेरि फेरि तताउनु हुँदैन ।

एसिडिटीः चियालाई दोहोर्‍याएर तताएर पिउँदा ग्यास, एसिडिटी, पेट पोल्ने र वाकवाकी लाग्ने जस्ता समस्याहरू हुन सक्छन् । पहिले नै यी समस्याहरूबाट पीडितले त झन् चिया तताएर खानु हानिकारक सावित हुन सक्छ ।

ब्याक्टेरियाः चियालाई लामो समयसम्म त्यसै छोडियो र फेरि तताइयो भने, यसमा ब्याक्टेरिया बढ्न सक्छ । चियालाई बारम्बार तताउँदा यी ब्याक्टेरियाहरू नष्ट हुँदैनन् बरु चियासँगै तिनीहरू हाम्रो शरीरमा प्रवेश गर्छन् । यो संक्रमण वा पेट खराबको कारण बनिदिन सक्छ ।

# स्याङ्जामा २३ करोडका ५ पक्की पुल



स्याङ्जा । स्याङ्जा जिल्लामा २३ करोडभन्दा बढिको लागतमा ५ पक्की (सडक) पुल निर्माण हुने भएका छन् । चालु आर्थिक वर्ष २०८२/०८३ मा जिल्लाका विभिन्न सडकखण्डअन्तर्गत २३ करोड ११ लाख ७४ हजार ३७४ रुपैयाँको लागतमा ५ पक्की पुल निर्माण हुने भएका हुन् ।

निर्माण हुने पुलमध्ये गौरिघाटमा ५ करोड ५१ लाख ७५ हजार ६६६ रुपैयाँको लागतमा पुल निर्माण हुनेछ । सेतीखोलामा चार करोड ९४ लाख ६३ हजार ८९१ रुपैयाँ लागतमा पुल निर्माण हुँदैछ भने राक्सेघाटमा चार करोड ९२ लाख ७१ हजार २१ रुपैयाँको लागतमा पुल बन्दै छ । सिहालेमा चार कराड ५२ लाख ६८ हजार ८४६ रुपैयाँमा पुल बनिरहेको छ भने फेदीखोलामा तीन करोड १९ लाख ९४ हजार ९५० रुपैयाँ गरी कुल २३ करोड ११ लाख ७४ हजार ३७४ रकमको लागतमा ५ पक्की पुल निर्माण हुने भएका हुन् ।

आर्थिक वर्ष २०८०/०८१ को भदौमा सम्झौतापछि निर्माण थालिएको वालिङ-बिरुवा सडकखण्डको गैरिघाट मोटरेबल पुल ५ करोड ५१ लाख ७५ हजार ६६६ रुपैयाँको लागतमा निर्माण हुनेछ। धनथान निर्माण कम्पनीले जिम्मा पाएको निर्माणाधिन पुलको हालसम्म झण्डै ७६ प्रतिशत भौतिक प्रगति भएको पूर्वाधार विकास कार्यालय स्याङ्जाले जनाएको छ ।

फेदीखोला गाउँपालिकास्थित सेतीखोलामा बन्ने पुलको ३७ प्रतिशत काम सकिएको छ । आर्थिक वर्ष २०८०/०१ को मंसिरमै सम्झौता भएर यसै वर्षको असारमा सकिने छ । सुयान बिल्डर्स निर्माण कम्पनीले निर्माणको जिम्मा लिएको पुल चार करोड ९४ लाख ६३ हजार ८९१ लागतमा निर्माण हुँदै गरेको पूर्वाधार कार्यालयका सडक इञ्जिनियर पोषराज पौडेलले जानकारी दिए ।

चालु आर्थिक वर्षकै असारमा सकिने गरी निर्माण भइरहेको ७८ प्रतिशत काम सकिएको बिरुवा-भीरकोट नगरपालिका जोड्ने सडकखण्डाको राक्सेघाटमा निर्माणाधिन पुल चार करोड ९२ लाख ७१ हजार २१ रुपैयाँको लागतमा पुल बन्ने छ । सुदन बिल्डर्स कम्पनी वालिङले निर्माण गरेको सिहाले-पुतलीखेत जोड्ने सडकखण्ड सिहालेको पुल चार करोड ५२ लाख ६८ हजार ८४६ रुपैयाँमा निर्माण हुनेछ भने पुलको हालसम्म झण्डै ४७ प्रतिशत काम सकिएको छ ।

आर्थिक वर्ष २०८१/०८२ को अन्त्यमा सम्झौता भएर काम सुरु भएको फेदीखोला-पैरे खत्रीरह बाखे-तिलस्वाँरा ग्रामीण सडकखण्डमा पुल बन्ने लागेको छ । राङ्खोला सिद्धबाबा निर्माण कम्पनीले तीन करोड १९ लाख ९४ हजार ९५० रुपैयाँको लागतमा पुल निर्माणको जिम्मा लिएको छ। चालु आर्थिक वर्षको अन्त्यसम्ममा निर्माण हुने पुलको झण्डै ९ प्रतिशत वित्तीय प्रगति देखिए पनि भौतिक प्रगति भने शुन्यप्रायः रहेको पूर्वाधारकी सव-इञ्जिनियर सृजना शर्माले बताइन् ।

तोकिएको समय सीमाभित्र पुल निर्माण गर्न निर्माण कम्पनीलाई कार्यालयले ताकेता गर्दै आएको छ। २३ करोडभन्दा बढीको लागतमा ५ पक्की पुल बनेपछि स्याङ्जामा क्रमागत र नयाँ सबै पुल बनेर सकिनेछ । कार्यालयले चालु आर्थिक वर्षमै गल्याङ नगरपालिकाको पिडीखोलामा निर्माण हुने पुलको झण्डै एक करोडको लागतमा डीपीआर तयार गरेपछि प्रदेश सरकारको लगानीमा आउँदो आर्थिक वर्षमा मात्रै स्याङ्जामा नयाँ पुल बन्ने र थपिने छन् ।

## काफलडाँडाको...

नियमित श्रोतको अभावमा गौशला चलाउन समस्या बन्दै गएको गुठी आश्रम सञ्चालक समितिले जनाएको छ । दिगो रुपमा गौशाला सञ्चालन गर्न अक्षयकोषको वृद्धि र नियमति आम्दानीको श्रोत पहिचान गर्न आवश्यक रहेको समितिको बुझाइ छ ।

गौशाला परिसरको झण्डै चार सय वर्ष पुरानो मन्दिर संरक्षण, गौशालालाई आधुनिक भौतिक पूर्वाधार निर्माण गर्न सके काफलडाँडा धार्मिक पर्यटकीय क्षेत्र बनाउन सकिनेमा समितिका सचिव श्याम शर्माले विश्वस्त देखिन्छन् ।

आम्दानीको नियमित श्रोत बनाउन काफलडाँडाको ऐतिहासिक तथा धार्मिक सम्भावनालाई पर्यटकीय क्षेत्रसँग जोड्नको विकल्प नरहेको शर्माले सुझाए ।

गौशाला सञ्चालनमा सहज होस् भन्दै स्थानीयले सक्दो सहयोग गर्दै आएका छन् । हामीसँग भएको घाँस, परालहरु र थोरै-धेरै नगद सहयोग गरेको स्थानीयले जनाए । गौशाला चलाउन समस्या छ भने सुनेरै आफूहरुले कोदो, गहुँको नल, धानको पराल, मकैको डाटलगायतका घरेलु वस्तुहरु सहयोग गरेको स्थानीय कृषकहरु बताउँछन् । स्थानीयबाट स-सानै भए पनि निरन्तर सहयोग प्राप्त भएको गौशाला सचिव शर्माले जानकारी दिए ।

गौशाला सञ्चालन गर्न समितिले कहिले महायज्ञको सहारा लिएको छ भने कहिले राष्ट्रिय कलाकारको जमघट गराएर आर्थिक श्रोतको जोहो गर्दै आएको छ। गौशाला सञ्चालनार्थ मंसिर १२ गते 'इन्द्रणी वृहत् साँस्कृतिक कार्यक्रम-२०८२' को आयोजना गरेर समितिले आर्थिक श्रोत जुटाउने गतिलो माध्यमको खोजी गरेको छ ।


लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय नवलपरासी (ब.सु.प.)

काठ/दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

दोस्रो पटक सूचना प्रकाशन मितिः २०८२/०८/१०

श्री डिभिजन वन कार्यालय नवलपरासी (ब.सु.प.) अन्तरगत श्री बुद्धशान्ति साझेदारी वन उपभोक्ता समूह, रामग्राम १८ को स्वीकृत कार्ययोजना बमोजिम आ.व. २०८०/०८१ र २०८१/०८२ मा उत्पादन भई रामग्राम पाल्हिनन्दन सव डिभिजन वन कार्यालय परिसरमा घाटगद्दी भएको विभिन्न लटमा विभाजित प्रदेश सरकार तर्फको साल समेत प्रजातिको ९२९ थानको ७१५७.५ क्यु.फि. गोलिया काठ तथा ३ चट्टा दाउरा जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सुचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सुचना प्रकाशित भएको मितिले १५ दिनभित्र खरिद गरि १६ औं दिनभित्र सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्वन्धि विस्तृत जानकारीको लागि डिभिजन वन कार्यालय, नवलपरासीमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सुचना यस कार्यालयको वेबसाईट https://dfoparasi.lumbini.gov.np/तथा सुचना पाटीमा टाँस गरिएको छ।



काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना।

प्रथम पटक प्रकाशित मिति - २०८२/०८/१०

यस सामुदायिक बन उपभोक्ता समुहको बनबाट उत्पादन भई शितगंगा १४ कालीदमारमा घाटगद्दी गरी राखिएको साल जातको काठ ४९३९.९९ क्यू. फि., अन्य जातको ४९५.४१ क्यू. फि. साल दाउरा १५.५० चट्टा र अन्य दाउरा ५.०० चट्टा जे जस्तो अबस्थामा छ सोही अबस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ सस्था, फर्म वा कम्पनिले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद तथा दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि बिस्तृत जानाकारीको लागि यस सामुदायिक बन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिने छ। पूर्ण व्यहोराको सुचना यस सामुदायिक बन उपभोक्ता समुहको कार्यालयको सुचना पाटीमा, डिभिजन बन कार्यालय अर्घाखाँचीमा र अर्घाखाँची जिल्ला स्थित अन्य कार्यालयहरुमा समेत टाँस गरिने छ।

श्री वाणगंगा सामुदायिक बन उपभोक्ता समुह
शितगंगा न.पा. १४ अर्घाखाँची



श्री भैरव नवदीप माध्यमिक विद्यालय
रैनादेवी छहरा -४, पाल्पा।

आशय पत्र सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२-०८-१०

यस कार्यालयको मिति २०८२-०७-०२ गते दैनिक लुम्बिनी राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना तथा www.bolpatra.gov.np/egp समेत प्रकाशित सूचना अनुसार रीतपुर्वक पर्न आएका बोलपत्र मध्ये तपसिल ठेक्का नम्बर र बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) बमोजिम सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

तपसिलः

| ठेक्का नं | आयोजनाको नाम | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक(मु.अ कर र पि.एस. बाहेक) |
|---|---|---|---|
| BNS/PAL/W/NCB/01-082/83 | Construction of School Building Truss , Stage and Landscaping Works | श्रीसोनक कन्स्ट्रक्सन, काठमाडौं-३१, शान्तिनगर | रु. ५५,३१,९२९.४५ |

प्रधानाध्यापक



विनयी त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दुम्कीबास, नवलपरासी (बर्दघाट-सुस्तापूर्व)
गण्डकी प्रदेश, नेपाल
स्था: २०७३

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रथम पटक प्रकाशन मिति: २०८२/०८/१०

यस कार्यालयबाट विभिन्न मितिमा तपसिल बमोजिम कार्यको लागि आह्वान ठेक्कामा तपसिल बमोजिमको बोलपत्र दाताको कबोल अंक सारभूत रुपमा प्रभावग्राही भएकोले बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को प्रयोजनार्थ सम्बन्धित सबैको लागि प्रकाशन गरिएको छ।

तपसिल:

| सि.नं. | बोलपत्र न. | आयोजनाको विवरण | छनौट भएको बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम (मु.अ.क. र प्रोभिजनलसम सहित ) |
|---|---|---|---|---|
| १ | 08/BTRM/NCB/Goods/2082-083 | Engineering Lab Equipment Procurement | EurekaInternational EnterprisesTripureshwor, Kathmandu. | रु. ५७१७८०.०० |

प्रमुख प्रशासकीय अधिकृत



LOCAL MUNICIPALITY
RAMGRAM MUNICIPALITY
ICE OF MUNICIPAL EXECUTIVE
RAMGRAM, NAWALPARASI
Lumbini Province , Nepal

Invitation for Bids–(E-bidding only)

Date of publication 26th Nov, 2025 A.D

- Ramgram Municipality Office of Municipal Executive, Ramgram, Nawalparasi invites E-bidding only from eligible and qualified bidders for the Procurement of the following Projects.

| Contract no. | Name of Project | Estimated Amount (excluding VAT and PS) Nrs. | Bid Security Amount, NRs. | Remarks |
|---|---|---|---|---|
| RAM/EB/082/083/Goods/03 | Purchase of Sanitary Pad as per attached Specification | 15,33,870.00 | 43,500/- | SQ |
| RAM/EB/082/083/05 | Raksahawa dekhi Pokharapali samma adhuro kalopatre, Raksahawa, Ramgram 14 | 10,52,885.86 | 30,000/- | SQ (Rebid) |

- Eligible bidders must visit PPMO website www.bolpatra.gov.np/egp.to obtain further information and inspect the bidding documents .
- Ramgram Municipality,Office of Municipal Executive reserves the right to accept or reject, wholly or partly, any or all the bids without assigning any reason, whatsoever.



KAWASOTI MUNICIPALITY
OFFICE OF THE MUNICIPAL EXECUTIVE
GANDAKI PROVINCE, NEPAL

Invitation for Bids

Date of Publication: 2025/11/26

Kawasoti Municipality, Nawalparasi (East) invites only electronic bids for the following construction works under National Competitive Bidding (NCB).

| S. No. | Contract Nos. and Title. | Brief Description of Works | Last Date & Time of Bid Submission | Minimum Average Construction Turnover of the Best 3 years within the last 10 years: Nrs. | Minimum work experience of similar size and nature: one number of project with amount Nrs | Bid Security Amount in (NRS) | Bid Validity with Bid Security Period (Day) | Cost of Bidding Document (NRS) |
|---|---|---|---|---|---|---|---|---|
| 1. | 09/KM/NCB/WORKS/2082/83 | River Training Works at Kawasoti Ward No- 1, 4, and 5 | 2025/12/26, AD) Upto 12:00Hr | 4,52,00,000/- | 1,21,00,000/- | 7,60,000.00 | 150 days | 5,000.00 |

Eligible bidder may obtain further information from Kawasoti Municipality, Office of the Municipal Executive, Kawasoti, Nawalparasi(E) (Mobile: 9857641111, 9843500711, website: www.kawasotimun.gov.np) during office hour or may visit PPMO web portal www.bolpatra.gov.np/egp.

Chief Executive Officer



ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्क:
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३



ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी



विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्क:
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

दैनिक लुम्बिनी

# मतदाता नामावली दर्तामा युवाको योगदान



बुटवल । जेनजी आन्दोलनपछि सरकारले मतदाता नामावली अद्यावधिक गर्ने अभियानलाई तीव्र बनाउँदै असोज १० गतेदेखि कार्तिक ३० गतेसम्म दर्ता अवधि खुला गरेको थियो । माग र आवश्यकता बढेपछि सरकारले पाँच दिन थपेर मङ्सिर ५ गतेसम्म दर्ता गर्न सकिने व्यवस्था गऱ्यो । तर दर्ता प्रक्रिया सुरुआती चरणमा सहज थिएन ।

सुरुमा अनलाइनमार्फत् फाराम भरिसकेपछि बायोमेट्रिक प्रमाणिकरणका लागि जिल्ला निर्वाचन कार्यालयमै पुग्नुपर्ने बाध्यता थियो । टाढा-टाढाका गाउँमा बस्ने नागरिकका लागि सदरमुकाम पुगेर दर्ता गर्नु समय, खर्च र यातायात सबै हिसाबले चुनौतीपूर्ण हुनुपर्ने अवस्था थियो । धेरैले दर्ता गर्ने इच्छा भएर पनि प्रक्रिया पूरा गर्न नसकिरहेका थिए ।

यही कठिन समयमा बुटवल, देवीनगरका ३३ वर्षीय युवा निर्मल ज्ञवाली हजारौँ नागरिकका लागि भरपर्दो सहारा बने । प्रारम्भिक चरणमा इन्टरनेट नहुने, फारम बुझ्न नजाने, बुझेर पनि भरिसकेपछि कार्यालय पुग्न समस्या पर्ने नागरिकका लागि उनले करीब २,४०० जनाका फाराम अनलाइनमार्फत् भरिदिए ।

कहिले देवीनगर चौपारी, कहिले होराइजनचोक, कहिले योगी कुटी-जहाँ आवश्यक पऱ्यो त्यहीँ पुगेर फर्म भर्ने सहजीकरण गर्दै उनी अभियानमा सक्रिय भए । कहिलेकाहीँ अनलाइन साइट नै बन्द हुने, फाराम नपठिने, कागजपत्र अपूर्ण हुनेजस्ता समस्या आए पनि उनले काम रोकेनन् ।

पछि सरकारले मोबाइलबाटै राष्ट्रिय परिचयपत्र नम्बर राखेपछि मतदाता नामावली अटोमेटिक दर्ता हुने व्यवस्था लागू गऱ्यो । यसले हजारौँ नागरिकका लागि दर्ता प्रक्रिया अत्यन्त सहज बनायो । यो चरण सुरु भएपछि निर्मलले २,९३७ जनाको नाम NIN मार्फत् दर्ता गराइदिए ।

यसरी उनले कुल ५,३३७ नागरिकलाई मतदाता नामावलीमा सूचीकृत गराउन सफल भए, यो कार्य एक व्यक्तिद्वारा सम्पन्न भएको सोंच्दा पनि असाधारण छ । रुपन्देही क्षेत्रमा विशेषगरी बुटवल शहरमा गुल्मी, पाल्पा, अर्घाखाँची, कपिलवस्तु, प्यूठान, स्याङ्जालगायतका धेरै जिल्लाहरूबाट अध्ययनको लागि धेरै विद्यार्थीहरू आउने गर्छन् । विभिन्न कामको सिलसिलामा पनि मानिसहरू उल्लेखनीय मात्रामा हुने गर्छन् ।

अर्घाखाँचीका युवक ध्रुव सुनार दर्ता गर्न नपाएका हजारौँमध्ये एक थिए । कामको कारण इन्टरनेट एकदमै कमजोर अवस्थामा चल्थ्यो, सदरमुकाम पुग्न पनि घरको कामले गर्दा झन् कठिन । तर निर्मल सरले सामाजिक सञ्जालमार्फत् अभियानको सूचना सार्वजनिक गरेपछि ध्रुवले कागजपत्र पठाए र केही बेरमै दर्ता पूरा भएको जानकारी पाए । ध्रुवले उक्त कामलाई एक अनुकरणीय काम भनेर प्रशंसा गरे ।

निर्मलले मतदाता दर्तालाई केवल तकनिकी सेवा नभई नागरिक अधिकारको सुरक्षा मान्ने गरेको बताए । आगामी फागुन २१ गते प्रतिनिधिसभा निर्वाचन हुँदै गर्दा युवापुस्तामा असन्तुष्टि बढ्दो रहेको उल्लेख गर्दै उनले देशलाई सक्षम नेतृत्व चाहिएको हो भने त्यसको आधार नै युवा पुस्ता हुने धारणा व्यक्त गरे ।

युवाहरू नै मतदानबाट वञ्चित हुँदा परिवर्तनको आधार कमजोर हुने बताउँदै ग्रामीण क्षेत्रका कुनाकुनामा रहेका युवाहरूको नाम दर्ता हुनुपर्नेमा आफू विशेष रूपमा केन्द्रित भएको उनले जानकारी दिए । निर्मल ज्ञवाली सामाजिक कार्यका साथै शिक्षण पेशामा आबद्ध छन् ।

# उद्योगबाट उत्पादन बस्तुले बजार नपाउँदा समस्या




**गौरीशंकर जयसवाल**

*परासी*

पश्चिम नवलपरासीमा ११औं उद्योग दिवस 'औद्योगिक वातावरण सुधार दिगो अर्थतन्त्रको आधार' भन्ने नाराका साथ अन्तरक्रिया कार्यक्रम गरी मनाइएको छ । घरेलु तथा साना उद्योग कार्यालय परासीले उद्योगी व्यवसायी र सरोकावालासँग अन्तरक्रिया कार्यक्रम गरी मनाएको हो ।

कार्यक्रममा उद्योगबाट उत्पादन बस्तुहरु बजार नपाउँदा समस्या भएको बताएका छन् । उनीहरुले उत्पादन गरेको बस्तुहरु सहज बजार नपाउँदा लगानी डुब्ने गुनासो गरेका छन् । व्यवसायीहरुले बजार उचित व्यवस्थापन गर्न तीनै तहका सरकारहरुसँग माग गरेका थिए ।

कार्यक्रम घरेलु तथा साना उद्योग कार्यालय परासीका वरिष्ठ उद्योग अधिकृत मोहन पाण्डेको प्रमुख अध्यक्षता तथा जिल्ला समन्वय समितिको प्रमुख भगौती यादवको प्रमुख आतिथ्यता भएको कार्यक्रमा बोल्दै तीनवटै सरकारसँग बजारीकरणको उचित व्यवस्थपान गर्न सहकार्य समन्वय गर्ने बताए ।

उनले सात वटै स्थानीयबाट उत्पादन भएको बस्तुहरु राख्नको लागि जिल्ला समन्वय समितिले कोठा उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेका थिए । यहाँ स्थापना भएको उद्योगहरुका स्थानीयहरु स्वारोजगार बनाइ रोजगारी दिनुपर्नेमा उनले जोड दिए । उद्योगहरुले सामाजिक उत्तरदायित्व बढ्उनुपर्नेमा जोड दिँदै उद्योगले गर्नुपर्ने कार्यमा रोजगारी सृजनी गर्न आवश्यक रहेको बताए ।

वरिष्ठ उद्योग अधिकृत मोहन पाण्डेले घरेलुले सम्पादन गरेको कार्य प्रगाति प्रस्तुत गदै चालु आबको चार महिनाको अवधिमा एक सय ६ वटा उद्योग दर्ता भएको ,र नबिकरण दुई सय ८४ वटा र उद्योग २६ वटा खरेजी गरिएको बताए । उनको अनुसार वाणिज्यतर्फ एक सय ३७ वटा फर्म दर्ता भएको तीन सय ८०वटा नविकरण तथा २९ फर्म खारेजी गरिएको छ ।

चार महिनाकाको अवधिमा ३१ लाख ४० हजार रुपैयाँ राजस्व संकलन गरिएको पाण्डेले जानकारी दिए । कार्यक्रममा रामग्राम नगरपालिका उप-मेयर सम्झना चौधरी, उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य केशव भण्डारी, घरेलु तथा साना उद्योग कार्यालयका धिरेन्द्र गिरी, घरेलुका उद्याम सहर्जकर्ता मनोज चौधरीलगायतले धारण राखेका थिए ।

# दाङमा यसवर्ष धान उत्पादन बढ्यो

दाङ । दाङमा यस वर्ष एक लाख ८६ हजार ५३ मेट्रिकटन धान उत्पादन भएको छ । गत वर्षको तुलनामा यस वर्ष तीन दशमलव ०६२ प्रतिशत बढी धान उत्पादन भएको हो ।

कृषि ज्ञान केन्द्रका सूचना अधिकारी पृथ्वीराज लामिछानेका अनुसार जिल्लाभर खेतीयोग्य जमिन ३९ हजार ४०० हेक्टर रहेकामा यस वर्ष ३६ हजार ४८१ हेक्टर क्षेत्रफलमा धानखेती गरिएको थियो । गत वर्ष जिल्लामा ३६ हजार १०८ हेक्टर क्षेत्रफल जमिनमा धानखेती गरिएकामा एक लाख ७८ हजार ५३ मेट्रिकटन धान उत्पादन भएको थियो । गत वर्षको तुलनामा यस वर्ष तीन दशमलव ०६२ प्रतिशत बढी धान उत्पादन भएको हो ।

त्यस्तै २०८० सालमा ३५ हजार १८४ हेक्टर क्षेत्रफलमा गरिएको धानखेतीबाट एक लाख ५८ हजार ३२८ मेट्रिकटन धान उत्पादन भएको कार्यालयबाट प्राप्त तथ्याङ्कमा उल्लेख छ । सूचना अधिकारी लामिछानेका अनुसार उत्पादन बढ्नुमा धानखेती यस वर्ष धेरै क्षेत्रफल जमिनमा लगाउनु, बीउमा सुधार, ढिलो वर्षा भए पनि लगातार वर्षा हुनु र पछिल्लो समयमा धानबाली स्याहार गर्ने बेला परेको पानीले खासै धानखेतीमा असर नगरेकाले उत्पादन बढेको हो ।

त्यस्तै विगतका वर्षको तुलनामा यस वर्ष रासायनिक मलको उपलब्धतामा सहजता, हाइब्रिड र उन्नत जातको बिउको प्रयोग धैरै भएकाले उत्पादन बढेको हो । कार्यालयले दिएको जानकारीअनुसार यस वर्ष हाइब्रिड बिउ ६५ प्रतिशत, ३५ प्रतिशत उन्नत र पाँच प्रतिशत स्थानीय रैथाने जातको धान रोपिएको थियो । सबैभन्दा धेरै युएस ३१२, एआरआइ ६४४४, एमपी ३०३०, एचजेजी १०, जेके ५०१७, उपज, राजा, क्याम्पियन जातको हाइब्रिड धान रोपिएको थियो ।

त्यस्तै उन्नततर्फ सावाँ मन्सुली, हर्दिनाथ ६, रामधान, राधा-४, सुक्खा-१, २, ३, ४, गङ्गोत्री, सावित्रीलगायतका जातका धान लगाएको थियो । त्यसैगरी दाङको स्थानीय रैथाने धानमा तिल्की र सिम्ठारो धान पनि खेती गरिएको थियो । यसैबिच खाद्य व्यवस्था तथा व्यापार कम्पनीले यस वर्ष देउखुरी क्षेत्रका लमही, गढवा र राप्ती गाउँपालिकाका किसानहरुले उत्पादन गरेको धान खरिद सुरु गरेको छ । कार्यालयका प्रमुख तुलमायाँ लोवाले जिल्लाका स्थानीय तहबाट ५०० क्विन्टल धान खरिद गर्ने लक्ष्य रहेको जानकारी दिइन् ।

## भूमि सुधार तथा मालपोत कार्यालय, तौलिहवा, कपिलवस्तुबाट प्रकाशित हकदावी सम्बन्धी ३५ (पैतिस) दिने सार्वजनिक सूचना ।

प्रकाशित मिति :- २०८२।०८।१०

मोहम्मद अली धुनियाको पत्नी जिल्ला रुपन्देही लुम्बिनी साँस्कृतिक नगरपालिका वडा नं. १ बस्ने आसिमा खातुनले तपसिलमा उल्लेखित कित्ताहरु लैसन धुनियाको नाऊँमा कायम श्रेस्ता भिडाई, अल्पु धुनियाको बुहारी, बहादुर धुनियाको पत्नी जिल्ला क. व. साविक पकडी गा.वि.स. -१ हाल मायादेवी गाउँपालिका वडा नं. १ मौजा पकडी बस्ने ज.ध. लैसन धुनियाको २०७९।०८।१२ मा मृत्यु भएको र मृत्यु अगावै निजले मिति २०७७।०४।११, र.नं. ११८२ विगो नखुलेको शे. व. लिखत निवेदक आसिमा खातुनको नाऊँमा पारित गरिदिएको, मृतक ज.ध. जिवित रहँदासम्म सेवा संभार पालनपोषण औषधी उपचार र मृत्यु पश्चात रितिरिवाज अनुसार दाह संस्कार काजकिया सदगत निवेदकले नै गरेको हुनाले मृतक ज.ध. लैसन धुनियाका नाऊँमा श्रेस्ता कायम कित्ता जग्गाहरु विगो नखुलेको शे. व. बमोजिम मेरो नाऊँमा एकलौटी दा. खा. गरिपाऊँ भनी मिति २०८२।०७।२७ को माग निवेदन पेश गरेको सम्बन्धमा निवेदकको माग दावी बमोजिम निजको नाऊँमा दा. खा गर्न नमिल्ने कुनै कारण भए, अरु कसैको हकदैया वा स्वामित्वमा असर पर्ने भए, सरकारी सार्वजनिक गुठी तथा हदवन्दी भन्दा बढी जग्गा घुसेको भए, कुनै बैंक वित्तिय संस्था, सरकारी निकाय वा व्यक्ति विशेषको मुद्दा मामिला र धितो बन्धक रोक्कामा असर पर्ने भए, कसैले यस अगावै उक्त जग्गा हक हस्तान्तरणका लागि पूर्व मिसिल खडा गरी प्रक्रियामा रहेको भए ठोस सवुत प्रमाणसहित यो सूचना प्रकाशित भएको मितिले बाटाको म्याद बाहेक ३५ (पैतिस) दिन भित्र यस कार्यालयमा स-प्रमाण दावी उजुर गर्नुहोला । म्यादभित्र कुनै दावी उजुर नपरेमा नियमानुसार निवेदन स्वीकार गरी प्रचलित कानून बमोजिम भई जाने सम्बन्धित सबैका लागि सूचित गरिन्छ ।

| गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | दर्तावालाको नामथर वतन | कै. |
|---|---|---|---|---|---|
| पकडी | १ क | ११५ | ०-३-१९-० | नामथर : लैसन धुनिया ना.प्र. नं.: २४६३८। २७५७ जारी मिति : २०३६।०५।१९ क.व., बाबुको नाम : हौसिल धुनिया, पतिको नाम : बहादुर धुनिया ससुराको नाम : अल्पु धुनिया ठेगानाः जिल्ला कपिलवस्तु साविक गा.वि.स. पकडी-१ हाल मायादेवी गा.पा. वडा नं. १ मौजा पकडी | |
| | २ क | ४४० | ०-३-०-० | | |
| | | ४०० | ०-२-१-० | | |
| | | १०८९(कि.न . १८८९ । लाई कि.न. १०८९ संसोधन माग भएको) | ०-१-१८-३ | | |

## लुम्बिनी प्रदेश सरकार
## सहरी विकास तथा खानेपानी मन्त्रालय
## खानेपानी तथा सरसफाई कार्यालय, गुल्मी

## निर्माण कार्यको बोलपत्र सम्बन्धी सूचना

www.bolpatra.gov.np/egp मा

पहिलो पटक प्रकाशित मिति :२०८२/०८/१०

खानेपानी तथा सरसफाई कार्यालय गुल्मीद्वारा आ.ब.२०८२/०८३मा संचालित विभिन्न खानेपानी तथा सरसफाई आयोजनाहरुमा तपशिलको निर्माण कार्य खुल्ला प्रतिस्पर्दाबाट e–bidding मार्फत गराउनु पर्ने भएकाले इच्छुक रित पुगेका नेपाली निर्माण व्यवसायी फर्म वा कम्पनीहरूबाट तपशिल बमोजिमको शर्तहरुको अधिनमा रहने गरी छुट्टा छुटै e–bidding मार्फत www.bolpatra.gov.np/egp बोलपत्र आवहान गरिन्छ । बोलपत्रको लागी Pre–Bid Meeting मिति २०८२/०८/२९गते दिउसो १:०० बजे तथा बोलपत्र दाखिला अन्तिम मिति २०८२/०९/११ गते १२:०० बजे सम्म रहनेछ । म्याद भित्र पेश भएका बोलपत्र मिति २०८२/०९/११गते १२:१५ बजे खोलिनेछ । विस्तृत जानकारीका लागी ppmo को websiteमा राखीएको सुचना हेर्नुहुन वा कार्यालयमा सम्पर्क गर्नुहुन जानकारी गराइन्छ ।

| क्र.स. | ठेक्का नं | कामको विवरण | बोलपत्र दस्तुर रु. | ल.ई रकम (भ्याटर पि.एस.बाहेक) रु. | जमानत रकम रु. | कै. |
|---|---|---|---|---|---|---|
| १ | WSSO/Gulmi/ NCB/W/082-83/04 | दौघा लिफ्ट खा.पा.आ मा आर.सि.सि. वाल निर्माण कार्य | ३०००.०० | ५३,०४,१००.०१ | १,५३,५००.०० | |
| २ | WSSO/Gulmi/ NCB/W/082-83/05 | झेर्दी अधेरीखोला ठुटिपिपल लिफ्ट खा.पा. आ मा १०० घ.मी.टंकी निर्माण कार्य | ३०००.०० | २१,२६,५६०.६० | ६१,०००.०० | |
| ३ | WSSO/Gulmi/ NCB/W/082-83/06 | घमिर खोला आठमुरे रूप्टा सिलादी खा.पा.आ मा विभिन्न निर्माण कार्य | ३०००.०० | ३२,२७,४११.८० | ९२,०००.०० | |
| ४ | WSSO/Gulmi/ NCB/W/082-83/07 | खानीगाउं रनेपा,कहेनी गोल्गाइ्दी,घैयार, निउरेनी, हरेपाटा,तल्लोरेमी,गहते खा.पा.आ मा विभिन्न निर्माण कार्य | ३०००.०० | ४४,००,१०६.७३ | १,२५,०००.०० | |

कार्यालय प्रमुख

**सडक दुर्घटनाबाट बचौं र बचाऔं ।**

- सवारी साधन चलाउँदा सावधानी अपनाऔं,
- ट्राफिक नियम पालना गरौं,
- तीव्र गतिमा सवारी साधन नचलाऔं,
- मद्यपान तथा लागु पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं,
- सवारी चलकले मद्यपान तथा लागु पदार्थ सेवन गरेको शंका लागेमा तत्काल प्रहरीलाई खवर गरौं,
- पैदल यात्रुले बाटो काट्दा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं,
- सवारी चालकले सिटबेल्ट, हेलमेट अनिवार्य प्रयोग गरौं,
- सवारी साधन नियमित मर्मतसम्भार गरौं,
- दुर्घटना भएमा तुरुन्त प्रहरी वा स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।

**सावधानी अपनाऔं, जीवनलाई सुरक्षित बनाऔं ।**

नेपाल सरकार विज्ञापन बोर्ड

**आकर्षक डिजाइन तथा छपाई**

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com